

वर्ष ४१ | अंक ५ | नेपाल राष्ट्र बैंक समाचार | माघ २०७३ | जनवरी-फेब्रुअरी २०१७

# गभर्नर डा. चिरंजीबि नेपालद्वारा एकीकृत कारोबारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले पुस १७ गते काठमाडौंमा नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड, इन्फ्रास्ट्रक्चर डेभलपमेण्ट बैंक लिमिटेड, एपेक्स डेभलपमेण्ट बैंक लिमिटेड, सुप्रिम डेभलपमेण्ट बैंक लिमिटेड र इण्टरनेशनल डेभलपमेण्ट बैंक लिमिटेड एकापसमा गाभिए पछिको एकीकृत कारोबारको एक समारोह बीच शुभारम्भ गर्नुभयो ।




एकीकृत कारोबारको शुभारम्भ पश्चात् गभर्नर डा. नेपालले सो समारोहलाई प्रमुख अतिथिका रुपमा सम्बोधन गर्नुहुँदै बैंक तथा वित्तीय संस्थाहरुलाई संस्थागत सुशासन कायम राख्न र नेपाल राष्ट्र बैंकको निर्देशनको पालना गर्न जोड दिनुभयो । उहाँले संस्थालाई समस्याग्रस्त हुन नदिन सरोकारवाला सबैपक्ष चनाखो हुनुपर्ने बताउनु भयो र सर्वसाधारणको निक्षेपको सुरक्षामा विशेष ध्यान दिन आग्रह गर्दै संस्थालाई अनुशासित बनाउन सञ्चालक, शेयरधनी तथा कर्मचारी सबैको आआफ्नै प्रकारको भूमिका रहने धारणा राख्नुभयो ।

गभर्नर डा. नेपालले उक्त समारोहमा बैंक तथा वित्तीय संस्थाहरुलाई कर्जा लगानी गर्दा सावधानी अपनाउन सल्लाह दिनुभयो । पहिलेको लगानी उठाउँदै जान र उत्पादनमूलक क्षेत्रमा प्राथमिकताका साथ लगानी गरी चुलिँदो व्यापार घाटालाई कम पार्न सहयोग गर्न उहाँले अनुरोध गर्नुभयो । नेपालमा लगानीको लागि प्रशस्त संभावना रहेकोले अवसरहरुको उपयोग गर्न र दुर्गम तथा बैंकिङ पहुँच नपुगेका बस्तीहरुमा बैंकिङ सेवा विस्तार गरी लगानीको दायरा बढाउन उहाँले सुझाव दिनुभयो ।

नेपालको अर्थतन्त्रको आकार, सार्क देशका बैंकहरुको चुक्ता पुँजी, ठुला योजनाहरुका लागि ठुलो पुँजीको आवश्यकता, सक्षम र बलियो संस्थाको अवधारणाका आधारमा बैंक तथा वित्तीय संस्थाहरुको चुक्ता पुँजी वृद्धि गर्ने नीतिगत व्यवस्था ल्याइएको विचार गभर्नर डा. नेपालले सो समारोहमा राख्नुभयो । साथै, संस्थाको काम कारवाहीहरुलाई नियमसंगत, पारदर्शी र जोखिममुक्त बनाउन सबै प्रकारका संस्थाहरुमा जोखिममा आधारित सुपरिवेक्षण गरिने र क्रमशः बासेल ३ लागु गरिने पनि उहाँले जानकारी दिनुभयो ।

नेपाल राष्ट्र बैंकका अधिकृतहरु लगायत विभिन्न बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरु, पत्रकारहरु आदिको उपस्थिति रहेको सो समारोहमा विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला र वित्त कम्पनी सुपरिवेक्षण विभागका का. मु. निर्देशक ईश्वरीप्रसाद न्यौपानेले मर्जरका लागि भए/गरेका गतिविधिहरुका सम्बन्धमा प्रकाश पार्नु भएको थियो ।

## व्यवस्थापन समूह फिर्ता

नेपाल राष्ट्र बैंकको संचालक समितिको मिति २०७०/१०/२१ को निर्णयानुसार नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको व्यवस्थापन नेपाल राष्ट्र बैंकले नियन्त्रणमा लिई ३ जनाको व्यवस्थापन समिति मार्फत उक्त बैंक संचालन गर्दै आएकोमा उक्त बैंकसँग चारवटा विकास बैंकहरु एकापसमा गाभिई २०७३ पुस १७ गतेदेखि एकीकृत वित्तीय कारोबार समेत प्रारम्भ भैसकेको हुँदा पुस १८ गतेका दिन उक्त संस्थाका शेयरधनीहरु मध्येबाट नयाँ सञ्चालक समिति गठन गरी सो संस्थाको व्यवस्थापन जिम्मा लगाउने कार्य सम्पन्न गरी व्यवस्थापन समूह फिर्ता भएको छ ।

## गभर्नर डा. नेपालद्वारा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रमलाई सम्बोधन

गभर्नरको कार्यालयले गभर्नर डा. चिरंजीबि नेपालको समुपस्थितिमा पुस ८ गते स्याङ्जा जिल्लाको रंगेठाँटीमा अवस्थित प्रद्युम्न पनेरु उच्च माध्यमिक विद्यालयमा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रमको आयोजना गर्‍यो ।



उक्त कार्यक्रममा गभर्नर डा. नेपालले वित्तीय साक्षरताको महत्व बारे उदाहरण सहित प्रकाश पार्नु भयो । गभर्नरको कार्यालयका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले वित्तीय साक्षरता सम्बन्धी आधारभूत विषयहरूमा प्रकाश पार्नुभयो भने पोखरा कार्यालयका निर्देशक चिरञ्जीवी चापागाईं र स्याङ्जा जिल्लाका जिल्ला शिक्षा अधिकारीले मन्तव्य राख्नुभयो ।

## गभर्नर डा. नेपालद्वारा बैंक शाखा उद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले पुस ३ गते मनाङको चामेमा प्रभु बैंक लिमिटेडको शाखा कार्यालयको एक समारोह बीच उद्घाटन गर्नुभयो ।



सो उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै गभर्नर डा. नेपालले त्यस क्षेत्रमा वाणिज्य बैंकहरूको शाखा विस्तारले स्थानीय वासिन्दाहरूलाई वित्तीय सेवा उपलब्ध गराई वित्तीय पहुँच अभिवृद्धिमा सहयोग पुऱ्याउने उल्लेख गर्नुभयो । उहाँले ग्रामीण क्षेत्रमा समेत लगानीका अवसरहरु पहिचान गरी स्थानीय वासिन्दाहरुमा उद्यमशीलताको विकासमा सहयोग पुऱ्याउन बैंक तथा वित्तीय संस्थाहरूलाई आग्रह पनि गर्नुभयो ।

उहाँले मनाङमा स्याउको व्यावसायिक उत्पादनको प्रशस्त अवसरहरु रहेकोले बैंकको लगानीले स्याउ व्यवसायीहरूलाई लगानीका लागि आर्थिक स्रोत जुटाउन सहयोग पुग्ने बताउनु भयो । सानासाना व्यवसायका लागि देशमा प्रशस्त अवसर रहेको नेपाल जस्तो मुलुकमा सफल व्यवसायी बन्न सकिने बताउनु हुँदै उहाँले बैंक तथा वित्तीय संस्थाको विस्तारले सानोसानो बचतको परिचालन हुने र बचतकर्ताले समेत त्यसको उचित प्रतिफल प्राप्त गर्ने बताउनु भयो ।

गभर्नर डा. नेपालले बैंकिङ पहुँचले बचत परिचालन र कर्जा प्रवाहको माध्यमबाट जनताको आर्थिक उन्नति हुनुका साथै देश आर्थिक रूपमा समृद्ध हुँदै जाने विश्वास व्यक्त गर्नुभयो ।

## गभर्नर डा. नेपालद्वारा तालिमको उद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले पौष १३ गते काठमाडौंमा विकास बैंक सुपरिवेक्षण विभागद्वारा आयोजना गरिएको जोखिममा आधारित सुपरिवेक्षण सम्बन्धी दुई दिने आवासीय तालिमको उद्घाटन गर्नुभयो ।



उद्घाटन पश्चात् मन्तव्य दिनुहुँदै गभर्नर डा. नेपालले सन् २००८ को आर्थिक संकटपछि जोखिममा आधारित सुपरिवेक्षण प्रणालीको महत्त्व संसारभरि अझ बढेर आएको परिप्रेक्ष्यमा विकास बैंक सुपरिवेक्षण विभागले आयोजना गरेको जोखिममा आधारित सुपरिवेक्षण सम्बन्धी तालिम कार्यक्रम सान्दर्भिक रहेको कुरा उल्लेख गर्नुभयो ।

वाणिज्य बैंकहरुमा जोखिममा आधारित सुपरिवेक्षण प्रणाली कार्यान्वयनमा आइसकेको र यस प्रकारका तालिम कार्यक्रमहरुले विकास बैंकहरुमा पनि यो सुपरिवेक्षण प्रणाली कार्यान्वयन गर्न मद्दत पुऱ्याउने विश्वास डा. नेपालले व्यक्त गर्नुभयो । गभर्नर डा. नेपालले कार्यक्रममा जोखिममा आधारित सुपरिवेक्षण प्रणाली सम्बन्धी उत्कृष्ट विशेषज्ञहरु उपस्थित रहेकोमा खुशी व्यक्त गर्नुभयो र प्रशिक्षार्थीहरुलाई कार्यक्रममा सक्रिय रुपमा सहभागी हुन उत्प्रेरित समेत गर्नुभयो ।

रिजर्भ बैंक अफ इन्डियाका अधिकृतहरु लगायतको सहभागिता रहेको सो तालिममा विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौलाले सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

## गभर्नर डा. नेपालद्वारा Cross the Border कार्यक्रममा वार्ता प्रस्तुत

गभर्नर डा. चिरंजीबि नेपालले पुस ९ गते The Snowland Hotel, पोखराले आयोजना गरेको उद्यमशीलता प्रवर्द्धन गर्ने Cross the Border कार्यक्रममा प्रमुख वक्ताको रूपमा वार्ता प्रस्तुत गर्नुभयो ।

पोखरा क्षेत्रका उद्यमी, विद्यार्थी र पत्रकारहरूको उपस्थिति रहेको सो कार्यक्रममा गभर्नर डा. नेपालले उद्यमशीलताको महत्त्व र नेपालमा उद्यमी बन्नको लागि प्राप्त अवसरहरू बारे प्रकाश पार्नुभयो । उहाँले उद्यमशीलता प्रवर्द्धन गर्न सहज कर्जा प्रवाहको लागि नेपाल राष्ट्र बैंकले गरेका नीतिगत व्यवस्थाहरूका बारेमा पनि बताउनु भयो । उहाँले उद्यमशीलता बिना देशले आर्थिक सफलता हासिल गर्न नसक्ने भन्दै वैदेशिक रोजगारीमा जानुभन्दा स्वेदशभित्रै उद्यमी बनी स्वरोजगार बन्ने र थप रोजगारी सिर्जना गर्ने कार्यमा लाग्न सबैलाई सल्लाह दिनुभयो ।

गभर्नर डा. नेपालले कार्यक्रममा सहभागीहरुबाट उठाइएका जिज्ञासाहरूलाई सम्बोधन गर्दै उत्पादनशील क्षेत्रमा कर्जाको लागि सहुलियतपूर्ण ब्याजमा बैंकहरूबाट ऋण प्रवाह गर्ने व्यवस्था गरिएको जानकारी दिँदै बैंकहरूले सर्वसाधारणको निक्षेपबाट ऋण प्रवाह गर्ने हुँदा कर्जा प्रवाहमा सतर्कता भने अपनाउनु पर्ने बताउनु भयो । उहाँले उद्यमी बन्न उत्प्रेरणा दिने विभिन्न उदाहरणहरु प्रस्तुत गरेर सहभागीहरूलाई उद्यमशील बन्न उत्साही गराउनु भयो ।

## गभर्नर डा. नेपालबाट वित्तीय साक्षरता कार्यक्रमलाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले पुस २२ गते विराटनगर कार्यालयद्वारा धनकुटामा आयोजित वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमलाई सम्बोधन गर्नुभयो ।

सो सम्बोधनमा उहाँले पैसाको महत्व बुझाउन, बचत गर्ने बानीको विकास गर्न तथा नागरिकहरूलाई उद्यमशीलतातर्फ प्रेरित गरी भविष्यमा ठूलो व्यवसायी, उद्यमी बनाउनका लागि नेपाल राष्ट्र बैंकले वित्तीय साक्षरता कार्यक्रम संचालन गर्दै आएको उल्लेख गर्नुभयो । सानोतिनो लगानीबाट व्यवसाय सुरु गरी विस्तारै ठूलो लगानीतर्फ उन्मुख हुन सकिने कुरा बताउनु हुँदै उहाँले सबै नेपालीको बैंक खाता हुनुपर्ने र सबै आर्थिक कारोबार बैंकिङ प्रणालीबाट मात्रै गर्नु पर्नेमा जोड दिनुभयो ।



गभर्नर डा. नेपालले उक्त कार्यक्रममा रेमिट्यान्स इजाजतपत्र प्राप्त संस्थाहरूबाट मात्रै पठाउने आग्रह पनि गर्नुभयो । विदेश पलायन हुने पूँजी रोकिनु पर्ने, विदेश जाने प्रवृत्ति रोकिनु पर्ने र सचेत नागरिकले स्वदेशमै केही गर्नु पर्छ भन्ने धारणा पनि उहाँले राख्नुभयो ।

कार्यक्रममा गभर्नरको कार्यालयका निर्देशक राजेन्द्र पण्डितले वित्तीय साक्षरता तथा सचेतनाको महत्त्व बारे प्रकाश पार्नुभयो । विराटनगर कार्यालयका निर्देशक रामु पौडेलले "नेपाल राष्ट्र बैंक, वित्तीय साक्षरता तथा सचेतना र पहुँच" विषयक कार्यपत्र प्रस्तुत गर्दै बचत, कर्जा, विप्रेषण, विदेशी विनिमय, बैंकिङ कारोबार, सफा नोट नीति, बिमा, सम्पत्ति शुद्धीकरण, वित्तीय स्थायित्व आदि विषयमा चर्चा गर्नुभयो ।

जिल्ला विकास समितिको कार्यालय धनकुटाको सभाहलमा आयोजना गरिएको सो कार्यक्रममा धनकुटा जिल्लाका विभिन्न सरकारी कार्यालय एवम् सुरक्षा निकायका प्रमुखहरु, बैंक तथा वित्तीय संस्थाका प्रबन्धकहरु, विभिन्न क्याम्पस तथा विद्यालयका प्राध्यापक, शिक्षक तथा विद्यार्थीहरु, उद्योग वाणिज्य संघका प्रतिनिधिहरुका साथै सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकका सहायक निर्देशक राजेश घिमिरेले स्वागत मन्तव्य दिनु भएको थियो भने कार्यक्रमको संचालन रामकृष्ण राईले गर्नु भएको थियो ।

## गभर्नर डा. नेपालद्वारा गुराँस लघुवित्त वित्तीय संस्था उद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले पुस २२ गते धनकुटामा गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको उद्घाटन गर्नुभयो ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै गभर्नर डा. नेपालले वित्तीय पहुँचमा योगदान दिन सकोस् भनेर नै नेपाल राष्ट्र बैंकले लघुवित्त संस्थालाई प्राथमिकता दिई इजाजतपत्र प्रदान गर्ने नीति लिएको बताउनु भयो । उहाँले सीप र जाँगर भएका जनतालाई वित्तीय स्रोत प्रदान गरी आयआर्जन वृद्धि गराउन लघुवित्त संस्थाहरुको योगदान महत्वपूर्ण रहेको बताउनु भयो । ग्रामीण र दुर्गम स्थानमा वित्तीय संस्थाहरूको पहुँच पुग्न नसकेको चर्चा गर्दै उहाँले बैंक तथा वित्तीय संस्थाहरूलाई त्यस्ता ठाँउमा पुगी स्थानीय जनताको सीप, जाँगर र क्षमतालाई सदुपयोग गरी आर्थिक गतिविधिमा टेवा पुऱ्याउन आग्रह गर्नुभयो ।



बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गर्ने कर्जामा सजगता अपनाउनु पर्ने बताउनु हुँदै गभर्नर डा. नेपालले पुँजी वृद्धिले बैंकहरुलाई कर्जा प्रवाहमा सहज हुने र वित्तीय पहुँच अभिवृद्धिमा पनि मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले लघुवित्त संस्था पुगेको स्थानमा गरिब जनताले सानो परिमाणमा वित्तीय स्रोत पाउने हुँदा गरिबी निवारणमा लघुवित्त संस्थाको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्नुभयो । एक जनाले कर्जा नतिर्दा अर्को निक्षेपकर्ताको लगानी डुब्न सक्ने भएकोले कर्जा नतिरी बैंकको रकम दुरुपयोग गर्ने ऋणी सजायको भागिदार हुने पनि उहाँले बताउनु भयो ।

## डेपुटी गभर्नर शिवाकोटी भारतमा

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी भारतको MINISTRY OF FINANCE ले JANUARY 12-13 मा DELHI आयोजना गरेको DISCUSSION WITH RBI ON THE ISSUES OF DEMONITIZATION OF INR 500 AND 1000 विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक भिष्मराज ढुङ्गानाको पनि सो कार्यक्रममा सहभागिता रहेको थियो ।

# डेपुटी गभर्नर शिवाकोटी विभिन्न कार्यक्रममा

## उद्घाटन

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले पुस १ गते कन्काई विकास बैंक लिमिटेडको को ११ औं शाखाको विराटनगरमा एक समारोह बीच समुद्घाटन गर्नुभयो ।




सो समारोहमा मन्तव्य राख्नुहुँदै डेपुटी गभर्नर शिवाकोटीले गत वर्षको विनाशकारी भूकम्प र दक्षिणी सीमा अवरोधका कारण चुनौतीपूर्ण अवस्थामा पुगेको नेपालको अर्थतन्त्र क्रमशः सुधारोन्मुख हुदै गएको सन्दर्भमा बैंकहरुको शाखा विस्तारले वित्तीय पहुँच र लगानीका थप अवसरहरु सिर्जना हुने विश्वास व्यक्त गर्नुभयो । भारत सरकारले भा. रु. ५०० ।- र १००० ।- को दरमा गरेको नोटबन्दीको नेपालमा परेको असर तथा बैंकहरूमा देखिएको न्यून तरलताको अवस्थाका सम्बन्धमा पनि प्रकाश पार्नुभयो ।

कार्यक्रममा विराटनगर कार्यालयमा निर्देशक रामु पौडेल, गभर्नरको कार्यालयका उपनिर्देशक शम्भुनाथ ढुङ्गाना लगायत विभिन्न बैंकका संचालक समितिका अध्यक्ष, संचालक, बैंकर तथा समाजका गन्यमान्य व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

## साधारण सभालाई सम्बोधन

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले पुस २ गते उमा गौरी कृषि सहकारी संस्था लिमिटेड, सोराभाग, मोरङको ५ औं वार्षिक साधारण सभालाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्नुभयो ।

सो सम्बोधनमा उहाँले सहकारी आय आर्जन र आर्थिक स्तर सुधारको महत्त्वपूर्ण माध्यम बनेको बताउनु भयो । देशभर रहेका ३३ हजार भन्दा बढी सहकारीहरूले समाजलाई रुपान्तरण गर्न तथा महिला, गरिब, बेरोजगारलाई जागरुक बनाउन उल्लेख्य भूमिका खेल्न सक्ने धारणा राख्दै उहाँले सहकारीका आधारभूत सिद्धान्तहरूको सापेक्षताका सम्बन्धमा पनि चर्चा गर्नुभयो ।

## टेलिभिजन संवाद

पुस २ गते डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी हिमशिखर टेलिभिजनको प्रत्यक्ष संवाद कार्यक्रममा सहभागी हुनुभयो । सो प्रत्यक्ष संवाद कार्यक्रममा उहाँले मौद्रिक नीति, कृषि कर्जा नीति, तरलताको स्थिति, स्थानीय फण्ड ट्रान्सफर तथा भा.रु. नोटबन्दी लगायत समसामयिक विषयमा जानकारी दिनुभयो ।

## अन्तरक्रिया

पुस २१ गते सिद्धार्थनगर कार्यालयले "रुपन्देही जिल्लामा वित्तीय कारोवारको अवस्था, वित्तीय क्षेत्रमा देखिएका सम-सामयिक चुनौतीहरु तथा समाधान" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो ।

सो कार्यक्रममा प्रमुख अतिथि डेपुटी गभर्नर शिवाकोटीले देशको समग्र आर्थिक तथा वित्तीय स्थिति सुधारोन्मुख रहेको र वित्तीय स्थायित्व कायम गर्न नेपाल राष्ट्र बैंक प्रयासरत रहेको बताउनु भयो । उहाँले बैंक तथा वित्तीय संस्थाका लागि लगानीका सम्भावना र चुनौती दुवै रहेको समेत उल्लेख गर्नुभयो ।




उक्त कार्यक्रममा सिद्धार्थनगर कार्यालयका निर्देशक रेवतीप्रसाद नेपालले कार्यपत्र प्रस्तुत गर्नुहुँदै रुपन्देही जिल्लाको वित्तीय अवस्था, सम्भाव्यता र चुनौतीहरु बारेमा प्रकाश पार्नुभयो । निर्देशक नेपालले देशको समसामयिक आर्थिक विषयहरुका बारेमा पनि जानकारी दिनुभयो ।

सिद्धार्थनगर कार्यालयका उपनिर्देशक सुबास आचार्यले स्वागत मन्तव्य व्यक्त गर्नु भएको सो अन्तरक्रिया कार्यक्रमको सञ्चालन सहायक शंकर भट्टराईले गर्नु भएको थियो ।

## बैंक तथा वित्तीय संस्थाका शाखा प्रमुखसँग अन्तरक्रिया

पुस २२ गते अर्घाखाँचीको सन्धिखर्क र गुल्मीको तम्घासमा विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रमुखहरुसँग सम-सामयिक आर्थिक तथा बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा डेपुटी गभर्नर शिवाकोटीले देशको आर्थिक तथा बैंकिङ स्थितिका बारेमा प्रकाश पार्नुभयो । उहाँले कर्मचारीको क्षमता अभिवृद्धिमा बैंक तथा वित्तीय संस्थाले नाफाको निश्चित प्रतिशत छुट्याउनुपर्ने नीतिगत व्यवस्थाको बारेमा स्पष्ट पार्नुभयो । निर्देशक नेपालले बैंकिङ क्षेत्रका समस्याहरु आपसमा सर-सल्लाह गरेर समाधानका उपायहरु पहिल्याउन सकिने धारणा राख्नुभयो ।

कार्यक्रममा अर्घाखाँची र गुल्मी क्षेत्रमा कार्यरत बैंक तथा वित्तीय संस्थाका प्रमुखहरुले लगानीको स्थिति, सम्भाव्यता र समस्याहरु बारे अवगत गराएका थिए । कार्यक्रममा गभर्नरको कार्यालयका सहायक निर्देशक प्रेमप्रसाद आचार्यको पनि सहभागिता रहेको थियो ।

# डेपुटी गभर्नर शिवाकोटीद्वारा वित्तीय संस्थाको शाखा उद्घाटन

पुस २२ गते डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले चौतारी लघुवित्त वित्तीय संस्थाले अर्घाखाँचीको बलकोटमा स्थापना गरेको शाखाको एक कार्यक्रमका बीच उद्घाटन गर्नुभयो ।




सो कार्यक्रममा प्रमुख अतिथिको रुपमा मन्तव्य राख्नुहुँदै डेपुटी गभर्नर शिवाकोटीले लघुवित्त वित्तीय संस्थाहरुले ग्रामीण भेगहरुमा बैंकिङ सेवा पुऱ्याउनका लागि निर्वाह गरिहेको भूमिका नेपालको बैंकिङ पहुँच विस्तारमा सराहनीय रहेको बताउनु भयो । उहाँले सामाजिक उत्तरदायित्वका लागि बैंक तथा वित्तीय संस्थाले आफ्नो नाफाको निश्चित प्रतिशत खर्च गर्नुपर्ने नीतिगत व्यवस्था रहेको र त्यसको सही उपयोगबाट वित्तीय पहुँच अभिवृद्धिमा टेवा पुग्ने धारणा पनि राख्नुभयो ।

सिद्धार्थनगर कार्यालयका निर्देशक रेवतीप्रसाद नेपालले सो कार्यक्रममा नेपाल राष्ट्र बैंकको अनुमति लिएर खुलेका तथा नेपाल राष्ट्र बैंकको नियमन र सुपरिवेक्षणमा रहेका चौतारी लघुवित्त वित्तीय संस्था जस्ता संस्थाहरुसँग ढुक्क भएर कारोबार गरी व्यापार व्यवसाय विस्तार गर्न उपस्थित सर्वसाधारणसँग अनुरोध गर्नुभयो । गभर्नरको कार्यालयका सहायक निर्देशक प्रेमप्रसाद आचार्यले वित्तीय कारोबार उच्च अनुशासनमा रही गर्नुपर्ने भएकोले संस्थागत सुशासन तर्फ संस्थाको प्राथमिकता रहनु पर्नेमा जोड दिनुभयो ।

स्थानीय राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, बुद्धिजीवी र सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको सो कार्यक्रममा चौतारी लघुवित्त वित्तीय संस्थाका अध्यक्ष जगतबहादुर पोखरेलले नेपाल राष्ट्र बैंकको नीति निर्देशनको पालना गर्दै संस्था अगाडि बढ्ने कुरा व्यक्त गर्नु भएको थियो ।

# वैदेशिक रोजगार वचतपत्र सम्बन्धी अभिमुखीकरण कार्यक्रम

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको समुपस्थितिमा राष्ट्र ऋण व्यवस्थापन विभागले पुस १ गते विराटनगर कार्यालयमा वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरुका नेपालमा रहेका घरपरिवारका सदस्यहरुलाई लक्षित गरी "वैदेशिक रोजगार बचतपत्र" सम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गऱ्यो ।

सो कार्यक्रममा डेपुटी गभर्नर शिवाकोटीले वैदेशिक रोजगारीका विविध पक्षहरुका बारेमा चर्चा गर्दै वैदेशिक रोजगारमा गएका व्यक्तिहरुले आर्जन गरेको रकम बैंकिङ प्रणाली मार्फत पठाउन जोड दिनुभयो । उहाँले वैदेशिक रोजगारमा गएका व्यक्तिहरुले पठाएको रकमबाट नेपाल सरकारको वैदेशिक रोजगार बचतपत्र खरिद गरेमा उच्च प्रतिफल पाइनुका साथै भविष्यका लागि बचत सुरक्षित हुने कुरामा सहभागीहरुलाई आश्वस्त पार्नुभयो । सबैले वित्तीय क्षेत्रका विविधि पक्षहरुका बारेमा जानकारी लिनु आवश्यक भएकोले यस प्रकारका कार्यक्रमबाट फाइदा लिई सिकेको ज्ञान अन्य व्यक्तिहरुलाई पनि बाँड्न उहाँले आह्वान गर्नुभयो ।

उक्त कार्यक्रममा राष्ट्र ऋण व्यवस्थापन विभागका कार्यकारी निर्देशक त्रिलोचन पंगेनीले अन्य देशको दाँजोमा नेपालमा बचत गर्ने प्रवृत्ति कम भएको चर्चा गर्दै फजुल खर्च नगरी बचत गर्ने बानी बसालेमा भविष्यमा आवश्यक पर्दा गर्जो टार्न सहज हुने उल्लेख गर्नुभयो । सोही विभागका निर्देशक सीता घिमिरेले वैदेशिक रोजगार बचतपत्रका उद्देश्य, फाइदा एवम् विशेषताका सम्बन्धमा र उपनिर्देशक कुलबहादुर के. सी. ले बचतपत्रको खरिद-बिक्री प्रक्रियाका सम्बन्धमा अभिमुखीकरण गर्नुभयो । विराटनगर कार्यालयका उपनिर्देशक डा. रामशरण खरेलले कार्यक्रमबाट विराटनगर क्षेत्रका व्यक्तिहरु लाभान्वित हुने धारणा राख्नुभयो ।

कार्यक्रममा ९ वटा बैंकका प्रतिनिधि सहित वैदेशिक रोजगारमा जाने परिवारका सदस्यहरू समेत गरी ३६ जनाको सहभागिता रहेको थियो । राष्ट्र ऋण व्यवस्थापन विभागले यस प्रकारका अभिमुखीकरण कार्यक्रम कात्तिक २६ गते धनगढीमा, मंसिर १७ गते सिद्धार्थनगरमा र मंसिर २४ गते वीरगञ्जमा सम्पन्न गरिसकेको छ ।

रोजगारीका लागि मुलुक बाहिर गएका नेपाली नागरिकहरु तथा विदेशमा बसोवास गर्ने गैर-आवासीय नेपालीहरुले आर्जन गरेको विदेशी मुद्रालाई वैधानिक माध्यमबाट स्वदेश भित्र्याउने तथा बचतपत्रमा लगानी गर्न प्रोत्साहन गरी राष्ट्र निर्माणका लागि पुँजी परिचालन गर्ने उद्देश्यले नेपाल सरकारको तर्फबाट नेपाल राष्ट्र बैंकद्वारा २०६७ सालदेखि वैदेशिक रोजगार बचतपत्र निष्कासन हुँदै आएको छ ।

# खर्च तथा भुक्तानी प्रक्रिया सम्बन्धी अन्तरक्रिया

वित्त व्यवस्थापन विभागले पुस ८ गते काठमाडौंमा खर्च तथा भुक्तानी प्रक्रिया सम्बन्धी एक दिने अन्तरक्रिया कार्यक्रमका आयोजना गऱ्यो ।

उक्त कार्यक्रमको उद्घाटन डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले गर्नुभयो । उद्घाटन मन्तव्यमा उहाँले वित्तीय अनुशासन सम्बन्धमा प्रकाश पार्नु हुँदै यस किसिमको कार्यक्रमको आयोजनाबाट बैंकको वित्तीय कारोबारहरुमा पारदर्शिता कायम गर्न मद्दत पुग्नुका साथै बैंकको हिसाब मिलान कार्यमा समेत सहयोग पुग्ने विचार राख्नुभयो ।

सोही अवसरमा डेपुटी गभर्नर शिवराज श्रेष्ठले सार्वजनिक निकायहरुमा खरीद सम्बन्धी कार्य चुनौतीपूर्ण मानिने हुनाले विद्यमान नीति, नियम तथा कानुनहरुको परिधिमा रही कार्य गर्ने तथा सोको पूर्ण पालनातर्फ कर्मचारीहरु प्रतिबद्ध हुनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक रमेशकुमार पोखरेलले सार्वजनिक खरिद ऐन र नेपाल राष्ट्र बैंक खर्च व्यवस्था विनियमावलीमा भएका मूलभूत पक्षहरुमा, का. मु. कार्यकारी निर्देशक डा. वामदेव सिग्देलले बैंकले अवलम्बन गरेको लेखा सिद्धान्त, नीति र वित्तीय अनुशासन विषयमा र का. मु. निर्देशक प्रल्हाद थापाले बैंकको खर्च तथा भुक्तानी प्रक्रियाका विविध पक्षहरु सम्बन्धमा कार्यपत्रहरु पेश गर्नु भएको थियो । निर्देशक रविन्द्र महर्जनले सहभागीहरुलाई स्वागत गर्दै बैंकको दैनिक काम कारवाहीलाई सहज र व्यवस्थित बनाउन कार्यक्रम फलदायी हुने विचार राख्नु भएको थियो ।

उक्त कार्यक्रममा काठमाडौं उपत्यका स्थित बैंकका सबै विभाग/कार्यालय तथा महाशाखाका खरीद तथा भुक्तानी कार्यसँग सम्बद्ध ४४ जना कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# नेपालगञ्ज र धनगढी कार्यालयमा आर्थिक पत्रकारहरूसँग अन्तरक्रिया

नेपालगञ्ज कार्यालयले पुस २२ गते आर्थिक पत्रकार तथा सरोकारवालासँग एक अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो ।

उक्त कार्यक्रममा मुलुकको वर्तमान आर्थिक एवम् वित्तीय स्थितिका बारेमा संक्षिप्त रुपमा चर्चा गर्दै नेपाल राष्ट्र बैंकका प्रवक्ता एवम् बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले भारतीय रुपैयाँ सटहीका लागि भएको प्रयास, भारतीय रुपैयाँको आपूर्ति व्यवस्था, उत्पादनशील क्षेत्र कर्जा, विपन्न वर्ग कर्जा, बैंकिङ क्षेत्रमा विद्यमान तरलताको अवस्था एवम् व्यवस्थापन लगायतका समसायायिक विषयहरुमा जानकारी दिनुभयो । नेपालगञ्ज कार्यालयका निर्देशक गुरुप्रसाद पौडेलले नेपालगञ्ज क्षेत्रमा रहेका बैंक तथा वित्तीय संस्थाहरुको अवस्था र निक्षेप तथा कर्जा लगानीको तुलनात्मक विश्लेषण प्रस्तुत गर्नुभयो ।



कार्यक्रममा नेपालगञ्ज क्षेत्रका बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरु, आर्थिक पत्रकारहरु, विश्व विद्यालयका प्रध्यापक एवम् उद्योग वाणिज्य संघ नेपालगञ्ज तथा कोहलपुरका पदाधिकारीहरु समेत गरी ५० जनाको सहभागिता रहेको थियो । नेपालगञ्ज कार्यालयका उपनिर्देशक पूर्णबहादुर महर्जनले स्वागत मन्तव्य राख्नु भएको उक्त कार्यक्रमको सञ्चालन सहायक निर्देशक शुशिल विजुक्षेले गर्नु भएको थियो ।

धनगढी कार्यालयले पुस २४ गते आर्थिक क्षेत्रका पत्रकारहरु एवम् विश्वविद्यालयका प्राध्यापकहरुको सहभागितामा एक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।



उक्त कार्यक्रममा प्रमुख अतिथि बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले मुलुकको वर्तमान आर्थिक तथा वित्तीय स्थितिबारे संक्षिप्त रुपमा प्रकाश पार्दै भारतीय रुपैया सटहीको लागि भएका प्रयास, भारतीय रुपैयाको आपूर्ति व्यवस्थापन, उत्पादनशील कर्जा, तरलताको विद्यमान अवस्था एवम् व्यवस्थापन लगायतका समसामयिक विषयहरुमा जानकारी प्रस्तुत गर्नुभयो । धनगढी कार्यालयका निर्देशक विश्रुत थापाले धनगढी क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति, निक्षेप तथा कर्जा कारोवारको अवस्था लगायत समसामयिक विषय वस्तुको बारेमा प्रकाश पार्नुभयो । छलफलका क्रममा सहभागीहरुबाट राखिएका जिज्ञासाहरुलाई पनि उहाँहरुले स्पष्ट पार्नुभयो । कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक रमण नेपालको पनि उपस्थिति थियो ।

उक्त कार्यक्रममा धनगढी कार्यालयका उपनिर्देशक रमेश आचार्यले स्वागत मन्तव्य दिनु भएको थियो । कार्यक्रममा ३७ जनाको सहभागिता रहेको थियो ।

## कार्यशाला गोष्ठी

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागको आयोजनामा पुस ८ गते “घ” वर्गका वित्तीय संस्थाका अध्यक्ष/संचालक/प्रमुख कार्यकारी अधिकृतहरुको सहभागितामा “लघुवित्त क्षेत्रको विस्तार, सम्भावना र चुनौती” विषयक कार्यशाला गोष्ठी काठमाडौंमा सम्पन्न भयो ।

उक्त गोष्ठीको उद्घाटन गर्दै प्रमुख अतिथि डेपुटी गभर्नर शिवराज श्रेष्ठले वित्तीय एवम् मौद्रिक स्थिरता सहितको चुस्त दुरुस्त र भरपर्दो बैंकिङ सेवाको विकास र विस्तारमा नेपाल राष्ट्र बैंकले सधैं सहजकर्ताको भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । डेपुटी गभर्नर श्रेष्ठले विपन्न वर्गमा कर्जा प्रवाह गर्न स्थापित लघुवित्त संस्थाका शाखाहरु शहरोन्मुख गा.वि.स. हरुमा अधिकेन्द्रित हुँदा कर्जाको दोहोरोपना प्रमुख समस्याको रुपमा देखिएको उल्लेख गर्नुभयो । साथै, उहाँले लघुवित्त वित्तीय संस्थामा रहेको उच्च ब्याजदरलाई अधिकतम १८ प्रतिशतको हाराहारीमा कायम राखी स्प्रेड दर घटाउनु उपयुक्त हुने उल्लेख गर्नुभयो ।

गोष्ठीको उपादेयता माथि प्रकाश पार्दै लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कायम मुकायम कार्यकारी निर्देशक उपेन्द्रकुमार पौडेलले यस प्रकारका गोष्ठीले लघुवित्त क्षेत्रमा रहेका समस्या एक आपसको छलफलबाट समाधान गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले कार्यक्रममा उठेका जिज्ञासाहरुलाई पनि सम्बोधन गर्नुभयो ।

लघुवित्त विकास बैंकका अध्यक्ष/प्रमुख कार्यकारी अधिकृत तथा संचालकहरु गरी करिब ७० जनाको सहभागिता रहेको सो गोष्ठीमा लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका निर्देशक देवकुमार ढकाल तथा नेपाल लघुवित्त बैंकर्स संघका का.वा. अध्यक्ष रामचन्द्र जोशीले “लघुवित्त क्षेत्रको विस्तार, सम्भावना र चुनौती” विषयक छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

## खलङ्गामा विद्यार्थीमाझ नेपाल राष्ट्र बैंक

अनुसन्धान विभागले पुस १२ गते जाजरकोट, खलङ्गास्थित श्री त्रिभुवन माध्यमिक विद्यालयको प्राङ्गणमा वित्तीय साक्षरता अभियान अन्तरगत “वित्तीय चेतना अभिवृद्धिका लागि विद्यार्थीमाझ नेपाल राष्ट्र बैंक” कार्यक्रम सम्पन्न गऱ्यो ।

उक्त कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले बचत, कर्जा, विप्रेषण, शेयर, सफा नोट नीति तथा उद्यमशीलता एवम् सर्वसाधारणमा सहुलियत कर्जा प्रवाहका लागि नेपाल राष्ट्र बैंक र नेपाल सरकारले लिएको नीतिगत व्यवस्था लगायतका विषयमा जानकारी दिनुभयो । उहाँले ATM को सुरक्षात्मक उपायहरु, बैंक खाताहरुको प्रकृति, भिन्नता र विशेषता, नोट निष्काशन पद्धति, मुद्रास्फीति, Spread Rate आदि बारे पनि ज्ञान प्रदान गर्नुभयो । सहभागीहरुका तर्फबाट राखिएका जिज्ञासाहरुलाई सम्बोधन गर्दै उहाँले वित्तीय साधन र आर्थिक वृद्धिका उपाय तथा नेपालमा रहेका भा. रु. पाँच सय र एक हजार दरका नोट सटही गर्नका लागि भएका प्रयासहरुका बारेमा प्रकाश पार्नुभयो ।



त्रिभुवन माध्यमिक विद्यालय तथा भेरी ज्ञानोदय क्याम्पसका विद्यार्थी तथा शिक्षकहरु, अभिभावक, स्थानीय बैंक तथा वित्तीय संस्थाहरूका प्रतिनिधिहरू, व्यापारी, पत्रकार लगायत सुरक्षाकर्मीहरुको उपस्थिति रहेको उक्त कार्यक्रमको संचालन अनुसन्धान विभागका सहायक निर्देशक मनोजकुमार के. सी.ले गर्नु भएको थियो ।

## ओलम्पिक बैंकिङ सम्बन्धी तालिम सम्पन्न

वीरगञ्ज कार्यालयले वित्त व्यवस्थापन विभागसँग समन्वय गरी ओलम्पिक बैंकिङ कारोबारमा प्रत्यक्ष संलग्न कर्मचारीहरुका लागि पुस ८ र ९ गते ओलम्पिक बैंकिङ सम्बन्धी तालिम आयोजना गऱ्यो ।

कार्यक्रममा उद्घाटन मन्तव्य प्रस्तुत गर्दै वीरगञ्ज कार्यालयका निर्देशक धनञ्जय शर्माले नेपाल राष्ट्र बैंकले कार्यरत कर्मचारीहरुको कार्यकुशलतालाई थप प्रभावकारी बनाउन र पुनर्ताजगी गराउन समय समयमा तालिम सञ्चालन गर्ने गरेको सन्दर्भमा ओलम्पिक बैंकिङ सम्बन्धी तालिम कार्यक्रम आयोजना गरिएको बताउनु भयो । सम्पूर्ण कर्मचारीलाई सक्रिय रुपमा सहभागी भई पूर्ण लाभान्वित हुन आग्रह गर्दै उहाँले तालिम कार्यक्रम उपलब्धिपूर्ण हुने र कर्मचारीको कार्यक्षमता अभिवृद्धि हुने आशा पनि व्यक्त गर्नुभयो । उपनिर्देशक रोशनकुमार सिग्देलले सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

सो तालिममा वित्त व्यवस्थापन विभाग, सूचना प्रविधि विभाग, बैंकिङ कार्यालय, मुद्रा व्यवस्थापन विभागबाट पाल्नुभएका वार्ताकारहरु तेजनारायण ठाकुर, माधव पोखरेल, राकेश प्रजापती तथा माधव बराल लगायतले ओलम्पिक बैंकिङ सम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक पक्षमा विस्तृत प्रकाश पार्नु भएको थियो । तालिममा वीरगञ्ज कार्यालयका ३५ जना कर्मचारीहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमको समापनका अवसरमा सहभागीहरुका तर्फबाट सहायक निर्देशकद्वय भागवत आचार्य तथा टीकाराम खतिवडाले मन्तव्य राख्नुहुँदै तालिम उपलब्धिमूलक भएको र यसलाई अझ व्यावहारिक र गतिशील बनाउनुपर्ने कुरामा जोड दिनु भएको थियो ।

## तनहुँमा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक

विद्यार्थीहरूलाई वित्तीय ज्ञान दिने उद्देश्यले गभर्नरको कार्यालयले पुस ५ गते चन्द्रावती माध्यमिक विद्यालय, वसन्तपुर, तनहुँमा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रमको आयोजना गऱ्यो ।



उक्त कार्यक्रममा गभर्नरको कार्यालयका निर्देशक राजेन्द्र पण्डितले आय, उपभोग, बचत, कर्जा, लगानी, बिमा, विप्रेषण, पुँजी निर्माण, नोटको जतन आदिका सम्बन्धमा आधारभूत जानकारी दिनुभयो । उहाँले कार्यक्रमका दौरानमा विद्यार्थीहरुले राखेका जिज्ञासाहरुलाई सम्बोधन गर्नुका साथै वित्तीय ज्ञान सम्बन्धी प्रश्न सोधी त्यसका उत्तरदाताहरुलाई पुरस्कार स्वरुप वित्तीय जानकारीमूलक सामग्रीहरु पनि प्रदान गर्नुभयो ।

सो कार्यक्रममा विद्यार्थी, शिक्षक, अभिभावक आदि गरी २०० भन्दा बढीको उपस्थिति रहेको थियो ।

### वित्तीय चेतनामूलक नाटक प्रदर्शन

नाटकका माध्यमबाट वित्तीय चेतना विस्तारका लागि नेपाल राष्ट्र बैंकले जब आँखा खुल्छ नामक सडक नाटकको प्रायोजन गरेको छ । वित्तीय चेतनामूलक सो नाटक पुस ६ गते झापाको बुधबारे र पुस ७ गते इलाममा प्रदर्शन भएको छ । गोकुल अधिकारीको संयोजनमा झोराहाट नाट्य समूहले मञ्चन गरेको सो नाटक यसअघि मोरङको झोराहाट, वैजनाथपुर र विराटचोकमा प्रदर्शन भइसकेको छ ।

## काभ्रेमा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक

गभर्नरको कार्यालयसँग समन्वय गरी पुस २४ गते काभ्रेपलाञ्चोक जिल्लाको कोशीदेखा गा.वि.स. स्थित श्री राम उच्च माध्यमिक विद्यालयले 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रम सम्पन्न गरेको छ ।

उक्त कार्यक्रममा गभर्नरको कार्यालयका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले विद्यार्थीहरूलाई सरल तरिकाले वित्तीय ज्ञान अभिवृद्धि गर्दै नोटको सदुपयोग गर्न तथा उद्यमी बनी आत्मनिर्भर हुन सिकाउनु भयो । उहाँले विद्यार्थीहरूलाई बचत, कर्जा, लगानी, ऋण असुली, बिमा तथा सुरक्षा, विप्रेषण, कर्जा चुक्ता नगर्दा हुन सक्ने कारवाही, मुलुकमा वित्तीय सेवाको पहुँच आदि




समसामयिक वित्तीय ज्ञान बारे प्रष्ट पार्नुभयो । श्रव्य दृश्य तथा प्रकाशन सामग्री मार्फत् सञ्चालन गरिएको उक्त कार्यक्रममा विद्यार्थीहरूले राखेका जिज्ञासाहरुलाई उहाँले सरल र सहज प्रस्तुतिका साथ सम्बोधन गर्नुभयो ।

उक्त कार्यक्रमको सुरुमा गभर्नरको कार्यालयका सहायक निर्देशक इन्दुदेवी थपलियाले विद्यार्थीहरूलाई ध्यानपूर्वक भाग लिई जतिसक्दो बढी वित्तीय ज्ञान हासिल गर्न अनुरोध गर्नु भएको थियो । उल्लेख्य रुपमा विद्यार्थी र शिक्षकहरूको समेत सहभागिता भएको उक्त कार्यक्रममा विद्यालयका प्रधानाध्यापक राजमान लामा (तामाङ) ले कार्यक्रम संचालन गर्न पाएकोमा खुशी प्रकट गर्दै विद्यार्थीहरूलाई वित्तीय रुपमा साक्षर बनाउने नेपाल राष्ट्र बैंकको प्रयत्न प्रति आभार प्रकट गर्नु भएको थियो ।

## विभिन्न स्थानमा वित्तीय साक्षरता कार्यक्रम

सर्वसाधारण, महिला, विद्यार्थी आदिलाई वित्तीय चेतना प्रदान गरी उनीहरुलाई उद्यमी बन्न तथा इजाजतपत्र प्राप्त संस्थाहरुसँग मात्र वित्तीय कारोवार गर्न अभिप्रेरित गर्ने उद्देश्यले गभर्नरको कार्यालयले विभिन्न संघ संस्थाहरु मार्फत् गोरखा, सिन्धुपाल्चोक र काभ्रेमा वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरु गरेको छ ।

पुस ५ गते आर्थिक विकास बचत तथा ऋण सहकारी संस्था, पाँचखालसँगको समन्वयमा काभ्रेको पाँचखालमा र १७ गते लङ्केश्वर युथ क्लब, बल्थलीसँगको समन्वयमा काभ्रेको बल्थलीमा पनि वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भयो । उक्त दुवै कार्यक्रममा गभर्नरको कार्यालयका उपनिर्देशक विभुप्रसाद अर्यालले वित्तीय चेतना सम्बन्धी ज्ञान प्रदान गर्नुका साथै वित्तीय चेतनासँग सम्बन्धित सामग्री प्रस्तुत गर्नुभयो ।

पुस ३ गते अन्ट्रप्रनर्स नेपालसँगको समन्वयमा गोरखाको तान्द्राङमा र पुस ४ गते मानुषी लघुवित्तसँगको समन्वयमा सिन्धुपाल्चोकको मेलम्चीमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रमहरुमा गभर्नरको कार्यालयका सहायक निर्देशकहरु क्रमशः सुरेश पन्त र सार्थक कार्कीले वित्तीय साक्षरताका विभिन्न पक्षहरुको बारेमा प्रकाश पार्दै सहभागीहरुलाई उद्यमी बनी आत्मनिर्भर बन्न जोड दिनुभयो ।

उपर्युक्त सबै कार्यक्रमहरुमा स्थानीय स्कुलका विद्यार्थीहरु, महिलाहरु, सहकारीकर्मीहरु लगायत सर्वसाधारणहरुको उल्लेख्य उपस्थिति रहेको थियो । सहभागीहरुले यस प्रकारका कार्यक्रमहरुको निरन्तरतामा जोड दिँदै कार्यक्रमबाट आफूहरु लाभान्वित भएको बताएका थिए ।

# विदेशी विनिमयको कारोबार सम्बन्धी अन्तरक्रिया कार्यक्रम

पोखरा कार्यालयले पोखरा क्षेत्रका मनिचेञ्जरहरुको लागि पौष ७ गते विदेशी विनिमय कारोबार सम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो ।




पोखरा कार्यालयका निर्देशक चिरञ्जीवी चापागाईंको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक भिष्मराज ढुंगानाले विदेशी विनिमय कारोबार इजाजत प्रक्रिया र संचालन विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यपत्र मार्फत कार्यकारी निर्देशक ढुंगानाले विदेशी विनिमय व्यवस्थापनको आवश्यकता, महत्व र चुनौतीका बारेमा प्रकाश पार्नुभयो । सहभागीहरुबाट उठाइएका समस्या, सुझाव, जिज्ञासा एवम् विषयवस्तुलाई सम्बोधन गर्दै उहाँले नेपाल राष्ट्र बैंकको नीति निर्माण, विभागीय सहयोग तथा समन्वयलाई प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो । निर्देशक चापागाईले पोखरा क्षेत्रमा विदेशी विनिमय कारोबार गर्ने बैंक तथा वित्तीय संस्था, मनिचेञ्जर, होटल, ट्राभल एजेन्सीहरुको संख्या तथा अवस्था उल्लेख गर्दै तिनीहरुको उचित व्यवस्थापनमा जोड दिनुभयो । उपनिर्देशक अमर अधिकारीले स्वागत मन्तव्य राख्नु भएको सो कार्यक्रम सहायक निर्देशक टिकाराम आचार्यले संचालन गर्नु भएको थियो ।

# गोश्वारा लेजर तालिम सम्पन्न

पोखरा कार्यालयमा पुस १ र २ गते ओलम्पिक बैंकिङ (जि.एल.) सिस्टम सम्बन्धी तालिम कार्यक्रम संचालन भयो ।




उक्त तालिम कार्यक्रमको शुभारम्भ गर्दै पोखरा कार्यालयका निर्देशक चिरञ्जीवी चापागाईंले सिस्टमको प्रयोग अति नै संवेदनशील हुने भएकोले यस तर्फ विशेष चनाखो हुनुपर्ने बताउनु भयो । सिस्टममा हुने सानो गल्तीले पनि बैंकले ठुलो मूल्य चुकाउनु पर्ने हुनसक्ने भएकोले यस प्रकारको तालिम सम्पूर्ण कर्मचारीलाई अति आवश्यक भएको उहाँले उल्लेख गर्नुभयो । उपनिर्देशक अमर अधिकारीले स्वागत मन्तव्य राख्नुभयो ।

सो तालिममा सूचना प्रविधि विभागका उपनिर्देशक तेजनारायण ठाकुरले ओलम्पिक बैंकिङ सिस्टम प्रयोग गर्ने तरिका र अपनाउनु पर्ने सावधानीका सम्बन्धमा प्रशिक्षण प्रदान गर्नु भएको थियो । विदेशी विनिमय व्यवस्थापन विभागका उपनिर्देशक मिना पाण्डेले नेपाल राष्ट्र बैंकको वासलात तथा हिसाब मिलान सम्बन्धमा, बैंकिङ कार्यालयका सहायक निर्देशक माधव बरालले बैंकिङ कारोबार विषयमा, सहायक निर्देशक राकेश प्रजापतिले नगद व्यवस्थापन विषयमा, सहायक निर्देशक माधव पोखरेलले विदेशी मुद्रा व्यवस्थापन सम्बन्धमा र सूचना प्रविधि बिभागका सहायक निर्देशक रामनाथ पण्डितले रिपोर्टिङ सम्बन्धमा वार्ता प्रस्तुत गर्नु भएको थियो ।

# राष्ट्र ऋण सम्बन्धी गोष्ठी सम्पन्न

वीरगञ्ज कार्यालयले पुस १२ गते राष्ट्र ऋण व्यवस्थापन विभागसँग समन्वय गरी बारा जिल्लाको सिमरामा राष्ट्र ऋण सम्बन्धी गोष्ठी आयोजना गऱ्यो ।

गोष्ठीमा वीरगञ्ज कार्यालयका निर्देशक धनञ्जय शर्माले राष्ट्रमा पुँजी निर्माणका लागि बैंक तथा वित्तीय संस्थाको महत्वपूर्ण योगदान हुनसक्ने स्पष्ट पार्नुभयो । सरकारको वित्त नीतिलाई सफल बनाउन राष्ट्र ऋण व्यवस्थापनका सरोकारवालाका रुपमा बैंक तथा वित्तीय क्षेत्र तथा सर्वसाधारणको पनि उत्तिकै संलग्नता र सहयोग रहनु आवश्यक भएको परिस्थितिमा सम्बन्धित सरोकारवालाहरुको चेतना प्रवर्द्धन गर्ने उद्देश्यले गोष्ठी आयोजना गरिएको जानकारी पनि उहाँले दिनुभयो ।

स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै उपनिर्देशक प्रदीप भट्टराईले कार्यक्रमले बारा जिल्लामा राष्ट्र ऋण सम्बन्धी चेतना फैलाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रमको व्यावसायिक सत्रमा राष्ट्र ऋण व्यवस्थापन विभागका उपनिर्देशक कुलबहादुर के. सी. ले नेपालमा राष्ट्र ऋण व्यवस्थापन र सरकारी ऋणपत्र : प्राथमिक तथा दोस्रो बजार कारोबार र साँवा ब्याज भुक्तानी गरी दुईवटा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

गोष्ठीमा बारा जिल्ला स्थित बैंक तथा वित्तीय संस्थाका प्रमुख तथा प्रतिनिधिहरु र नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालयका कर्मचारीहरुको सहभागिता रहेको थियो । बारा जिल्लालाई केन्द्र बनाएर गरिएको यो कार्यक्रमबाट आफूहरु लाभान्वित भएको सहभागीहरुले जनाएका थिए । कार्यक्रमको सञ्चालन बैंकिङ विकास तथा अनुसन्धान एकाइका सहायक निर्देशक भागवत आचार्यले गर्नुभएको थियो ।

# जनकपुरमा वित्तीय क्षेत्र समन्वय संयन्त्रको गोष्ठी

जनकपुर कार्यालयमा पुस १२ गते क्षेत्रीय स्तरमा गठित वित्तीय क्षेत्र समन्वय संयन्त्रको उत्पादनशील, विपन्नवर्ग एवम् प्राथमिकता क्षेत्रहरुमा कर्जा प्रवाह गर्ने निर्देशनको प्रभावकारी कार्यान्वयन सम्बन्धी गोष्ठी सम्पन्न भयो ।




उक्त गोष्ठीमा सरोकारवालाहरुको जिज्ञासालाई सम्बोधन गर्दै जनकपुर कार्यालयका निर्देशक तुलसीप्रसाद घिमिरेले नेपाल राष्ट्र बैंक उत्पादनशील तथा विपन्न वर्गमा कर्जा विस्तारका लागि वित्तीय संस्थाहरूसँग हातेमालो गरेर पनि अगाडि बढेको बताउनु भयो । धनुषा, महोत्तरी, सिन्धुली, सिरहा, उदयपुर र सर्लाही जिल्लाहरू श्रोत र साधनका हिसाबले सम्पन्न भएकोले उद्यमशील कृषक तथा व्यवसायीहरूलाई तोकिएका क्षेत्रमा कर्जा प्रवाह गर्न सहज रहेको धारणा उहाँले राख्नुभयो । कृषक, व्यवसायी तथा बैंकहरूबीच आर्थिक गतिविधिहरुको जानकारी तथा तथ्याङ्कहरूको आदानप्रदान गर्नका लागि उद्योग वाणिज्य संघ तथा व्यवसायीहरूसँगको समन्वयमा नेपाल राष्ट्र बैंकले तालिम र जानकारीमूलक कार्यक्रमहरू सञ्चालन गर्न सक्ने जानकारी पनि उहाँले दिनुभयो ।

गोष्ठीमा स्वागत मन्तव्य दिँदै जनकपुर कार्यालयका उपनिर्देशक प्रल्हाद गिरीले बैंक तथा वित्तीय संस्थाले उत्पादनशील तथा विपन्न वर्गमा लगानी गर्नेतिर योजनाबद्ध तरिकाले काम गरेमात्र वित्तीय क्षेत्र समन्वय संयन्त्रको प्रभावकारिता रहने बताउनु भयो । उहाँले मुलुकको बढ्दो आर्थिक परनिर्भरता, उर्लँदो व्यापार घाटा, घट्दो रेमिट्यान्स आप्रवाहबाट शोधनान्तर बचतमा चाप परेको बताउँदै घरेलु उत्पादन बढाई मानिसहरूमा आय आर्जन बढाउन तथा आयात प्रतिस्थापन गराउन स्वदेशी उद्यमशीलताको विकास गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

सो गोष्ठीको सञ्चालन जनकपुर कार्यालयका सहायक निर्देशक कृष्णशरण फुयाँलले गर्नु भएको थियो । गोष्ठीमा संयन्त्रका सदस्यहरु लगायत पत्रकार र कृषक व्यवसायीहरूको उल्लेख्य उपस्थिति थियो । सहभागीहरुले उत्पादनशील क्षेत्रको कर्जा प्रवाह, कार्यविधि, ब्याज आदि विषयमा जिज्ञासा राखेका थिए ।

# जनकपुरमा स्वागत तथा बिदाई कार्यक्रम

पदस्थापन भई आउनु भएका तथा अनिवार्य अवकाश हुनु भएका कर्मचारीहरुका लागि जनकपुर कार्यालयले पुस २१ गते स्वागत तथा बिदाई कार्यक्रमको आयोजना गर्‍यो ।

उक्त कार्यक्रममा जनकपुर कार्यालयका निर्देशक तुलसीप्रसाद घिमिरेले पदस्थापन भई आउनु भएका उपनिर्देशक प्रल्हाद गिरीलाई फूलमाला सहित स्वागत गर्नुभयो भने अवकाश हुनुभएका कार्यालय सहयोगी प्रथम भुटन कापडलाई सम्मानपत्र सहित बिदाई गर्नुभयो ।

कार्यक्रममा मन्तव्य व्यक्त गर्दै निर्देशक घिमिरेले कार्यालयको कार्य सम्पादनमा सामूहिक प्रयास अत्यावश्यक हुने र कर्मचारीहरुले आफ्नो क्षमता र दक्षताको पूर्ण उपयोग गरी प्रभावकारी कार्य सम्पादन गर्नु पर्नेमा जोड दिनुभयो । कार्य सम्पादनमा कर्मचारीहरुले खेल्ने महत्त्वपूर्ण भूमिकाले सम्बन्धित कर्मचारीको व्यक्तित्व विकासमा पनि सहयोग पुग्ने विचार उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै उपनिर्देशक वासुदेव भट्टराईले कर्मचारी जीवनमा नियुक्ति, सरुवा, बढुवा र अवकाश नियमित प्रक्रिया रहेको बताउनु भयो । पदस्थापन भई आउनुभएका उपनिर्देशक गिरीले कर्मचारीहरुको लागि अनुशासनको पालना महत्त्वपूर्ण भएको चर्चा गर्दै कार्यालयको कार्य सम्पादनमा सक्रिय रुपले लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक कर्मचारी संघ, जनकपुरका अध्यक्ष रामप्रमोद साह र नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक जनकपुरका अध्यक्ष गंगेशकुमार झाले पनि मन्तव्य राख्नु भएको थियो। कार्यालयका अधिकृत तथा कर्मचारीहरुको उपस्थिति रहेको उक्त कार्यक्रमको सञ्चालन सहायक निर्देशक रामकाजी खाइजूले गर्नुभएको थियो ।

## चालक पदको नतिजा प्रकाशित

चालक पदसंख्या ६ करारमा नियुक्ति गर्ने सिलसिलामा लिइएको अन्तर्वार्तामा पाल्पाका रुकबहादुर कवर, धनुषाका भक्तबहादुर रानामगर, धादिङका मिनबहादुर घले, दोलखाका कान्छाराम तामाङ, काठमाडौंका ध्रुवप्रसाद अधिकारी र काठमाडौंका जीवन थापा मुख्य उम्मेदवारका रुपमा तथा ओखलढुंगाका देवबहादुर ढुंगेल, अर्घाखाँचीका डिलाराम पौडेल र काठमाडौंका सुनिल तुलाधर प्रतीक्षा सूचीमा छनौट हुनु भएको छ ।

# ज्ञान आदानप्रदान कार्यक्रम

गभर्नरको कार्यालयले आर्थिक वर्ष २०७३।७४ को प्रत्येक महिनामा एउटाका दरले वर्षभरिमा जम्मा १२ वटा ज्ञान आदानप्रदान कार्यक्रमको आयोजना गर्ने योजना अनुरुप पुस २१ गते छैटौं कार्यक्रमको आयोजना गऱ्यो । उक्त कार्यक्रममा सूचना प्रविधि विभागका उपनिर्देशक दिवस न्यौपानेले Defensing Cyber Attacks विषयमा प्रस्तुति दिनुभयो ।

उक्त ज्ञान आदानप्रदानसँग सम्बन्धित सामग्री home .nrb .org .np मा राखिएको छ ।

### विराटनगर कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम



विगत केही वर्षदेखि गभर्नरको कार्यालयले मासिक रुपमा गर्दै आएको ज्ञान आदानप्रदान कार्यक्रमको अनुसरण गर्दै विराटनगर कार्यालयले यही पुस २ गते कार्यालयको सभाहलमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा बैंकिङ विकास तथा अनुसन्धान एकाइका सहायक निर्देशक विना ढकाल (पौडेल) ले Agriculture & Rural Credit Development Model in Nepal विषयमा वार्ता प्रस्तुत गर्नु भएको थियो ।

मुलुकको वर्तमान आर्थिक स्थिति एवम् समग्र वित्तीय प्रणालीको बारेमा संक्षिप्त जानकारी गराउँदै प्रस्तुत गरिएको उक्त वार्ताबाट विद्यमान कृषि तथा ग्रामीण क्षेत्रमा कर्जा विस्तारको स्थिति एवम् कर्जाको पहूँच, कृषि तथा ग्रामीण क्षेत्र लगायत उत्पादनशील क्षेत्रको विकासमा नेपाल राष्ट्र बैंकको नीतिगत प्रयास आदिका बारेमा ज्ञान आदानप्रदान भएको थियो ।

# अन्तर्राष्ट्रिय तालिम

अनुसन्धान विभागका निर्देशक प्रदीपराज पौड्याल 11-12 JANUARY मा SEACEN ले KUALA LUMPUR, MALAYSIA मा आयोजना गरेको 3rd SEACEN RESEARCH WEEK मा सहभागी हुनुभयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उपनिर्देशकहरु रामहरि दाहाल र बृहस्पति अधिकारी तथा सहायक निर्देशक अस्मिता गोर्खाली 19 DECEMBER मा BANGLADESH BANK ले DHAKA मा आयोजना गरेको SAARC FINANCE SEMINAR ON IMPACTS OF MOBILE FINANCIAL SERVICES IN SAARC REGION AND 2ND MEETING OF RESEARCHERS मा सहभागी हुनुभयो ।

सूचना प्रविधि विभागका उपनिर्देशक अजित रेग्मी तथा सहायक निर्देशकहरु लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सुरेश के. सी. र जनशक्ति व्यवस्थापन विभागका धनबहादुर श्रेष्ठ 19-23 DECEMBER मा CICTAB ले PUNE मा आयोजना गरेको INTERNATIONAL PROGRAMME IN APPLICATION OF INFORMATION TECHNOLOGY FOR DEVELOPMENT OF AGRICULTURE COOPERATIVE AND RURAL FINANCING INSTITUTIONS मा सहभागी हुनुभयो ।

वित्त व्यवस्थापन विभागका उपनिर्देशक विनोदमान श्रेष्ठ र बैंकिङ कार्यालयका सहायक निर्देशक उमेशकुमार अधिकारी 3-6 JANUARY मा CICTAB ले COLOMBO, SRI LANKA मा आयोजना गरेको EXPOSURE VISIT PROGRAMME ON CO-OPERATIVE BUSINESS MODEL IN SRI LANKA मा सहभागी हुनुभयो ।

## राजीनामा

अनुसन्धान विभागका सहायक निर्देशक शिवभक्त पोखरेल, नेपालगञ्ज कार्यालयका सहायक दिपेश यादव र सिद्धार्थनगर कार्यालयका कार्यालय सहयोगी प्रथम गीताकुमारी नेपालीले दिनुभएको स्वैच्छिक राजीनामा स्वीकृत भएको छ ।

# कायम मुकायम मुकरर

जनशक्ति व्यवस्थापन विभागका निर्देशक डा. गोपालप्रसाद भट्ट पुस १० गतेदेखि सोही विभागको कार्यकारी निर्देशक (अधिकृत विशिष्ट) पदमा कायम मुकायम मुकरर हुनु भएको छ ।

उपनिर्देशकहरु मुद्रा व्यवस्थापन विभागका प्रेमप्रसाद न्यौपाने, बैंक सुपरिवेक्षण विभागका ईश्वरीप्रसाद न्यौपाने, वित्तीय जानकारी एकाइका आनन्द पौडेल र वीरगञ्ज कार्यालयका रोशनकुमार सिग्देल क्रमशः अनुसन्धान विभाग (कामकाज मुद्रा व्यवस्थापन विभाग), वित्त कम्पनी सुपरिवेक्षण विभाग, सामान्य सेवा विभाग र आन्तरिक लेखापरीक्षण विभागको निर्देशक (अधिकृत प्रथम) पदमा कायम मुकायम मुकरर हुनु भएको छ ।

## सरुवा

निर्देशकहरु भुक्तानी प्रणाली विभाग (कामकाज संस्थागत योजना विभाग) का सुमनकुमार अधिकारीको संस्थागत योजना विभागमा, बैंकिङ कार्यालय (कामकाज मुद्रा व्यवस्थापन विभाग) का भीष्मप्रसाद उप्रेतीको मुद्रा व्यवस्थापन विभागमा र सामान्य सेवा विभागका तेजबहादुर रानामगरको वित्त व्यवस्थापन विभागमा सरुवा भएको छ ।

बैंकिङ कार्यालयका का. मु. निर्देशक चेतप्रसाद उप्रेतीको विदेशी विनिमय व्यवस्थापन विभागमा र आन्तरिक लेखापरीक्षण विभागका का. मु. निर्देशक बलराम पौडेलको जनशक्ति व्यवस्थापन विभागमा सरुवा भएको छ ।

## पदस्थापन

निर्देशकहरु बैंक सुपरिवेक्षण विभागका अशोककुमार पौडेल, बैंक तथा वित्तीय संस्था नियमन विभागका विमलराज खनाल, सामान्य सेवा विभागका पोमनाथ गौतम र बैंकर्स प्रशिक्षण केन्द्रका रामप्रसाद गौतमको कार्यरत रहेकै विभागमा तथा वित्त व्यवस्थापन विभागका रविन्द्र महर्जनको बैंकिङ कार्यालयमा र वित्त कम्पनी सुपरिवेक्षण विभागका विनोदराज आचार्यको लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा पदस्थापन भएको छ ।

## अवकाश

जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक शिवनाथ पाण्डे र संस्थागत योजना विभागका निर्देशक किशोरकुमार ढकाल बैंक सेवाबाट अवकाश हुनु भएको छ । उहाँहरु दुवै जनाले बैंक सेवामा ३० वर्षको अवधि पूरा गर्नुभएका कारण अवकाश पाउनु भएको हो ।

मुद्रा व्यवस्थापन विभागका उपनिर्देशक केदारप्रसाद खनाल र सहायक निर्देशक मकुन्धोज खत्री, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उपनिर्देशक दीपक के. सी. र सहायक निर्देशक चक्रबहादुर शाही, विराटनगर कार्यालयका उपनिर्देशक कमला खतिवडा र सहायक निर्देशक विनोद पोखरेल, पोखरा कार्यालयका उपनिर्देशकहरु इन्द्रप्रसाद अधिकारी तथा मुक्तिप्रसाद ढकाल र सहायक निर्देशक विष्णुराज पौडेलका साथै विकास बैंक सुपरिवेक्षण विभागका उपनिर्देशकहरु राजेन्द्र पौडेल तथा रेवतीप्रसाद श्रेष्ठ र सहायक निर्देशक विश्व के. सी. ले पनि ३० वर्षे सेवा अवधिका कारण अवकाश पाउनु भएको छ ।

यसैगरी, ३० वर्षे सेवा अवधिका आधारमा उपनिर्देशकहरु बैंकर्स प्रशिक्षण केन्द्रका खगेन्द्रप्रसाद गौतम, विदेशी विनिमय व्यवस्थापन विभागका जीतबहादुर महरा, संस्थागत योजना विभागका इन्द्रप्रसाद रेग्मी, गभर्नरको कार्यालयका सरिता पौडेल र वित्तीय जानकारी एकाइका दिपक उप्रेती तथा वित्त व्यवस्थापन विभागका सहायक निर्देशक ममता अधिकारीले पनि बैंक सेवाबाट अवकाश पाउनु भएको छ ।

मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक हरिबहादुर पण्डित र बैंकिङ कार्यालयका प्रधान सहायक जयप्रसाद अधिकारीले ५८ वर्षको उमेर हदका कारण बैंक सेवाबाट अवकाश पाउनु भएको छ ।

## देशको आर्थिक तथा वित्तीय स्थिति

**(आर्थिक वर्ष २०७३/७४ को पाँच महिनासम्मको तथ्याङ्कमा आधारित)**

### मुद्रास्फीति

२०७३ मंसिर महिनामा वार्षिक बिन्दुगत मुद्रास्फीति ३.८ प्रतिशतमा ओर्लेको छ । क्षेत्रगत आधारमा उपभोक्ता मुद्रास्फीति पहाडमा ५.६ प्रतिशत, तराई तथा हिमाल दुबैमा समान ३.७ प्रतिशत र काठमाडौं उपत्यकामा २.५ प्रतिशत रहेको छ ।

### वैदेशिक व्यापार

समीक्षा अवधिमा कुल वस्तु निर्यात १७.१ प्रतिशतले वृद्धि भई रु. ३० अर्ब ६३ करोड पुगेको छ। कुल वस्तु आयात ७८.९ प्रतिशतले बढेर रु. ३८२ अर्ब ६४ करोड पुगेको छ । कुल वस्तु व्यापार घाटा ८७.६ प्रतिशतले बढी रु. ३५२ अर्ब १ करोड पुगेको छ । निर्यात-आयात अनुपात ८ प्रतिशतमा रहेको छ ।

### विप्रेषण आप्रवाह

समीक्षा अवधिमा विप्रेषण आप्रवाह ६ प्रतिशतले वृद्धि भई रु.८७ अर्ब ६६ करोड पुगेको छ। अन्तिम श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या आर्थिक वर्ष २०७३/७४ को पाँच महिनामा गत वर्षको सोही अवधिको तुलनामा ८.९ प्रतिशतले घटेको छ ।

### शोधनान्तर

समग्र शोधनान्तर रु. २८ अर्ब ७८ करोडले बचतमा रहेको छ । पुँजीगत ट्रान्सफर रु. ५ अर्ब १५ करोड र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. ६ अर्ब ८४ करोड रहेको छ ।

### विदेशी विनिमय

कुल विदेशी विनिमय सञ्चिति २०७३ मंसिर मसान्तमा रु. १०७६ अर्ब ८४ करोड रहेको छ। आर्थिक वर्ष २०७३/७४ को पाँच महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १४.३ महिनाको वस्तु आयात र १२.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ४७.९ प्रतिशत, १०३.५ प्रतिशत र ४५.१ प्रतिशत रहेका छन् ।

### बजेट/खर्च/राजस्व

समीक्षा अवधिमा नगद प्रवाहमा आधारित नेपाल सरकारको बजेट रु. ५२ अर्ब ५२ करोडले बचतमा रहेको छ । नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ८२.५ प्रतिशतले वृद्धि भई रु. १९४ अर्ब ६१ करोड पुगेको छ। चालु खर्च ९३.५ प्रतिशतले बढेर रु. १६० अर्ब ९९ करोड पुगेको छ। समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व सङ्कलन ८४ प्रतिशतले वृद्धि भई रु. २०७ अर्ब ६० करोड पुगेको छ ।

### निक्षेप सङ्कलन/कर्जा प्रवाह

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ५.७ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा २०७३ मंसिर मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप २०.६ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ९.६ प्रतिशतले बढेको छ।

### तरलता व्यवस्थापन

समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले रु. ९४ अर्ब २५ करोड तरलता प्रशोचन गरेको छ । आर्थिक वर्ष २०७३/७४ को पाँच महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर १ अर्ब ६४ करोड खुद खरिद गरी कुल रु. १८५ अर्ब ७८ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ ।

### ब्याजदर

२०७३ मंसिरमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर २.३४ प्रतिशत कायम भएको छ । वाणिज्य बैंकहरूको कर्जा तथा निक्षेपबीचको भारित औसत ब्याजदर अन्तर ५.३७ प्रतिशत रहेको छ। वाणिज्य बैंकहरूको औसत आधार ब्याजदर २०७३ मंसिरमा ६.७८ प्रतिशत कायम हुन आएको छ ।

**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: ३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
शम्भुनाथ ढुङ्गाना

**सम्पादन सहयोगी**
सुरेश पन्त
सार्थक कार्की
नवीना ताम्राकार

मुद्रण : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, फोन नं. ०१-४७७०६१३, ४७७०२५३